कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ३१ | ने. सं. ११३२ चिल्लाथ्व सप्तमी बुधवाः २०६८ फागुन १७ गते बुधवार (Feb - 29, 2012) | मुल्य : ५/- (न्यातका)

## 'जुटेर हामी मिलेर उठे संसारै हल्लिन्छ, फुटेमा हामी पस्केको भाग अर्कैले खोस्दिन्छ'

# फागुन २१ गते एमालेको शक्ति प्रदर्शन

**कीर्तिपुर सन्देश /**

संविधान सभामा तेस्रो ठूलो दलको रुपमा रहेको नेकपा (एमाल) पार्टीले यही फागुन २१ गते काठमाडौंको खुलामञ्चमा जनप्रदर्शन गर्ने भएको छ। यस प्रदर्शनलाई एमालेले जनप्रदर्शन भनेपनि यसलाई शक्तिप्रदर्शनको रुपमा लिइएको छ।

आठौं राष्ट्रिय महाधिवेशनबाट अध्यक्षात्मक प्रणालीमा प्रवेश गरेको एमालेले प्रत्येक वर्ष गर्नुपर्ने राष्ट्रिय प्रतिनिधि परिषद वैठक तीन वर्षपछि २१ गतेदेखि राष्ट्रिय सभागृहमा गर्ने भएको छ । यस परिषद वैठकको मूल उद्देश्य भनेको आठौं राष्ट्रिय महाधिवेशनपछि पार्टीमा देखा परेको गुट उपगुटलाई एकताको रुपमा जनता समक्ष प्रस्तुत गर्ने पनि रहेको छ ।

'जुटेर हामी मिलेर उठे संसारै हल्लिन्छ, फुटेमा हामी पस्केको भाग अर्कैले खोस्दिन्छ' भनी लेखिएको पर्चा लाखौं लाख बाँडिएका छन्। वास्तवमा संविधानसभाको चुनाव सकिएको चार वर्षभित्रमा एमालेले दुई पटक सरकारको नेतृत्व गर्ने मौका प्राप्त गरेको थियो । तर आफ्नै पार्टीका नेताहरूको असहयोगले गर्दा सरकार बाट राजिनामा दिएर बाहिर निस्कनु परेको एमालेका सबै कार्यकर्ताहरूले तीतो अनुभव गरेकै हुन्। कार्यकर्ताको दवाव ठेग्न नसकेपछि नेताहरूले एकताको प्रयास गर्न बाध्य भयो । अहिले




कीर्तिपुरमा प्रचार प्रशारका लागि गरिएको वाल पेन्टिङ

एमालेका नेताहरूमा एक किसिमले एकता देखिएको छ। तर यो हात्तीको देखाउने दाँतमात्र हुने हो कि चपाउने दाँतै हुने हो हेर्न बाँकि नै छ । नेताहरू वीच एकता भएतापनि तल्लो तहसम्म चिरा परिसकेका कार्यकर्ताहरू बीचपनि एकता हुने हो कि होइन ?

फागुन २१ गते हुने जनप्रदर्शनको लागि एमालेका कार्यकर्ता हरू पूर्ण तयारीका साथ लागिरहेका छन्। बजार क्षेत्र, गाउँ-गाउँ टोल-टोलमा पोष्टर टाँस्ने, भित्ते लेखन कार्य भइरहेका छन। तल्लो कमिटिदेखि उपल्लो कमिटिसम्म भेला, वैठक भइरहेका छन्। बढी भन्दा बढी जनसहभागिता कसरी बढाउने भन्ने विषयमा व्यापक छलफल भइरहेका छन्। यस जनप्रदर्शनमा काठमाडौं उपत्यकाका एमालेका प्रत्येक सदस्य अनिवार्य उपस्थित हुनुपर्ने, प्रत्येक सदस्यले जनही रु. एकसयका दरले सहयोग गर्नका लागि स्थानीय नेताहरूले कार्यकर्ताहरूलाई अनुरोध गर्दै अएको सूत्रले बताएको । प्रत्येक कमिटिले सयौं मान्छे खुलामञ्च लानुपर्ने, आफ्नो कमिटिको ब्यानर लिएर जानु पर्ने भएको छ। यसरी उक्त दिन खुलामञ्चमा करीव दुई लाख जनताको उपस्थित गराउने लक्ष्य राखिएको छ।

एमालेले बाँडिएको हाते पर्चामा भनिएको छ –'यो निर ाशामा डुबेर बस्ने बेला होइन, नयाँ आशा र विश्वासका साथ जनताको शक्ति प्रदर्शन गरी बाटो बिराउन खोजेकाहरूलाई सही बाटो देखाउने बेला हो। नेपाल आमाले हामीमाथि ठूलो भरोसा गरेकी छिन। आमाको भरोसा पूरा गर्ने अठोट व्यक्त गर्नका लागि घरघरबाट सडकमा निस्कौं । सुदृढ नेकपा एमालेले मात्र यो देशको राजनीतिलाई सही बाटो देखाउन सक्छ। देशको जटिल र ाजनीतिलाई सही बाटोमा लैजानका लागि नेकपा एमाले के भन्छ ? बुझ्नका लागि फागुन २१ गते दिनको १२ बजे काठमाडौं खुलामञ्च जाऔं । बृहत् जनप्रदर्शन र आमसभामा सहभागी भै जनएकता प्रदर्शन गरौं ।'

**Prop: Ram kumar Maharjan 4333344, 9851037150**

**A 2 Z MOBILE REPAIR CENTRE**

**Nayabazar, Kirtipur 17**



**Our Service**
**Repair and Sale Mobile, LCD,Camera, DVD etc**

**दर्शन मोविकेयरले ल्याउँदैछ हंगामा**

सेकेण्ड ह्याण्डका ब्राण्डेड कलर टिभीहरू

१४ इन्चको रु २०००-३०००।-
२१ इन्चको रु ६,०००-१०,०००।-
२४ इन्चको रु ८,०००-१२,०००।-
२९ इन्चको रु ९,०००-१४,०००।
३२ इन्चको रु १०,०००-१५,०००।-

स्टक सिमित छ
तुरुन्त
सम्पर्क राख्नुहोला

हरेक ब्राण्डका मोबाइल सेटहरू साथै
अन्य इलेक्ट्रोनिक्स सामानहरू पनि

मोबाइलदेखि
Laptop
सम्मका उपहार
लैजानुहोस्

सहकारीमा खाता खोल्नुहोस्
उपहार सबैलाई दिइनेछ।
(स्टक रहुन्जेल सम्म मात्र)

बिस्तृत जानकारीका लागिः
दर्शन बचत तथा ऋण सरकारी संस्था
नयाँबजार-३ फो.नं. ४३३६७७६

**रेक्स सेक्यूरिटी सर्भिसेज**

सेक्यूरिटी गार्ड तालिम गराई प्रमाण पत्र सहित स्वदेशमा वा विदेशमा रोजगारीको सुवर्ण अवसर दिलाइन्छ। साथै कुनै पनि संघ संस्था, कम्पलेक्स, स्कूल, कलेज, बैंक, सिभिल होम, कलकारखाना र घरको लागि सेक्यूरिटी गार्ड चाहिएमा तुरुन्त सम्पर्क राख्नुहोला।

**सम्पर्कः भुवन महर्जन : ९८४१७७८९४४, ट्याङलाफाँट, कीर्तिपुर**

**पद्मकाष्ठपुरी डेपार्टमेन्टल स्टोर**

**लोकतान्त्रिक चोक मंगल दोवाटो**

**9848555555**

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# बम विष्फोटको घटना र सुरक्षा

**राजधानीमा लामो समयदेखि बम विष्फोट भएको समाचार सुन्न नपाएका उपत्यकावासीले गत सोमवार अकस्मात राज्यको प्रमुख प्रशासनिक केन्द्र सिंहदरवार नजिक बम विष्फोट भई तीन जनाको निधन भएको र करिव अधा दर्जन जति घाइते भएको समाचार सुन्न बाध्य भयो ।**

**सिहंदरवारको नजिक रहेको काठमाण्डौं जिल्ला अदालत र नेपाल आयल निगमको कार्यालय नजिक भएको सो घटनालाई संयुक्त जातीय मुक्ति मोर्चाले जिम्मा लिने मात्र नभई सो मोर्चाका नेताहरुले संचारमाध्यम मार्फत आफूहरुले अब केही दिनमा नै ठूलो विष्फोट गराउने भनी सरकारलाई चेतावनी दिएका कारण राजधानीको सुरक्षा अवस्थामाथि प्रश्न चिन्ह उठ्नु स्वाभाविकै हो । सो विस्फोट आत्मघाती हमला भनिएतापनि घटनाले भनी सरकारी सुरक्षामाथि एक ढंगबाट चुनौति दिएको भन्दा पनि केहि फरक नपर्ला ।**

**अतः संविधान निर्माणको अन्तिम समयमा सिंहदरवार नजिकै त्यस्तो घटना भएका कारण अव सरकारले जनताको जीउ धनको सुरक्षाका लागि के कस्तो ढंगबाट सुरक्षा निकायलाई परिचालन गर्ने र जनतालाई सुरक्षित भएको प्रत्याभूति गर्ने हो त्यो भने हर्न बाँकी नै रहेको छ ।**

# कीर्तिपुरमा फोहोरको व्यवस्थापन छैन



**कोपिला गिरी (प्रशिक्षार्थी)**

वि.सं.२०५३ सालमा नगरपालिका भएको कीर्तिपुर नगरपालिकामा फोहोरको व्यवस्थापन छँदैछैन भने पनि हुन्छ। कीर्तिपुरको प्रवेशद्वार पुरानो बसस्टपदेखि नयाँबजार वरपर जताततै फोहोरको डुंगुर देखिन्छ। पानी बग्ने ढलमा फोहोरले भरिएको छ। अलिकति पानी पर्ने बितिक्कै फोहोर पानी सडकबाट बगेको देख्न सकिन्छ। मंगल स्कुलको वरिपरि, उकालो, अलिकति खालि जग्गा भेटियो कि फोहोरको डुंगुर देखिन्छ ।

स्थानीय वासिन्दाको फोहोर व्यवस्थापन जनचेतनाको कमिले हो वा वासिन्दाको लापरवाहीले गर्दा नगरपालिका क्षेत्रमा पनि फोहोरको डङगुर थुपारेको छ । सडकको मुनिबाट उचित निकासा गर्नु पर्ने ढल खुला बाहिर सडकको कुनाबाट बगेको देखिन्छ। नगरपालिकाले आफैले फोहोर उठाउँदैन। नीजिस्तरमा उठाउन दिइएको छ। जसले प्रत्येक घरबाट रु.१५० देखि रु.४०० सम्म उठाउने गरेको स्थानीय वासिन्दा बताउँछन। नीजिस्तरबाट फोहोर उठाउनेहरूले पैसा दिने घरको मात्र फोहोर उठाउने गर्छ। जसले गर्दा सडक बाटोमा फालिएका फोहोर त्यतिकै बाँकि रहन्छ। जसले गर्दा सडक गल्ली, चोक त्यतिकै फोहोरमय भएको देखिन्छ । कीर्तिपुरमा पर्यटकिय विकासको लागि भनेर विभिन्न कार्यक्रमको आयोजना गर्ने गरेको देखिन्छ । जताततै फोहोरै फोहोर भएको ठाउँमा के पर्यटक आउला र ? वर्षको एकचोटि कीर्तिपुर महोत्सव मनाइन्छ। त्यतिबेला भने साँच्चिकै कीर्तिपुर सफा सुग्घर देखिन्छ। जसलाई सँधैंको लागि सफा राख्न सके मात्र महोत्सवको उपयोगिता रहन्छ। होइन भने त्यो महोत्सव हात्तीको देखाउने दाँत सरह हुनेछ। नगरपालिकाले पनि यसमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

# संघीयता विरोधी मित्रहरूलाई.........

**नजरराम महर्जन**

अहिले देश लोकतान्त्रिक संघीय गणतान्त्रिक संविधान बनाउने क्रममा छ । पुरानो एकात्मक राज्यलाई संघीयतामा पुनःर्संरचना गर्न छलफल तिव्र पारिएका छन् । यही छलफलको क्रममा आजकल सबैले आ-आफ्नो विचार राख्नेक्रम तिव्र छ। चारवर्षसम्म चुं पनि नबोलेका राजनीतिक पार्टीहरू अहिले संघीयतामा जाँदा कति प्रदेश बनाउनु पर्छ भनेर आ-आफ्नो विचार र तर्क राख्न थालेका छन्। संविधान सभाको राज्य पुनःर्संरचना समितिले उहिल्यै १४ प्रदेशको खाका तयार पारीसकेको अवस्थामा आफ्नो हैकमवाद चल्न नसक्ने देखेपछि राज्य पुनःर्संरचना आयोग बनायो। त्यसले पनि जातीय पहिचान र सामर्थ्यको आधारमै राज्य पुनःर्संरचना गरेपछि सदियौंदेखि हालीमुहाली गरेर आइरहेकाहरूले त्यसको विरोध गर्न थालेका छन ।

यस कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकामा संघीयताको समर्थनमा लगातार लेखहरू आउन थालेपछि केही मित्रहरूले जातिय राज्य मात्र होइन संघीयताकै विरोधमा कुरा गर्न थालेका छन । संघीयता विरोधी मित्रहरूले संघियतामा गयो भने देशमा जातीय दंगा हुने, विदेशीको बन्दुक पड्किने, देश टुक्रिने डर देखाएर युगौंयुगसम्म देशमा राज गर्ने दिवा स्वप्न पालेका छन्। संघीयता विरोधीहरूले देशका भूमिपुत्र र अनादिकालदेखि सभ्यता खडा गरी बसेका बहुसंख्यक आदिवासीहरूलाई आफ्ना मानव अधिकारबाट च्यूत गरी राष्ट्रवादी हौं भन्ने वहानामा एक देश-एक भेष, एक देश-एक भाषा, एक देश-एक जाति बनाई हाली मुहाली गर्न खोजेको तथ्य कतैबाट लुकेको छैन । ती संघीयता विरोधीहरू त भुटानका डुक्पा जस्ता हुन जसले सबैलाई जोंखा बोल्न, बक्खु लाउन बाध्य पारे र विरोध गर्ने गैर डुक्पाहरूलाई लखेटे। संघीयता विरो–धीहरू त दक्षिण अफ्रिकामा कालालाई आफ्नै देशमा ३५० वर्ष कमारा बनाएका गोरा जस्ता न हुन। दक्षिण अफ्रिकाबाट गोरालाई लखेटिसके तर हामी तपाईंहरूलाई लखेट्ने छैनौं । किनकी हामी मानव अधिकारको पूरा पालना गर्नेछौं ।

हामी जातीय संघीयताका पक्षपाती आर्थिकको मात्र कुरा गरिरहेका छैनौं । समग्र अधिकारको कुरा गरिरहेका छौं । संघीयता विरोधी मित्रहरूले जो उग्र राष्ट्रवादको कुरा देखाइरहेका छन। त्यो राष्ट्रियता काइटे उन्माद कहिल्यै नदेखाउनु जो अन्ततः फुस्स हुनेछ । आज राष्ट्रवादी नेपाली भनि कुर्लिने जो ‘खस, ब्राम्हण’ मित्रहरू छन तिनका नातागोताहरूनै बढी अमेरिकाली र अष्ट्रेलियाली नागरिक बनेका छन । नेपालीहरू अमेरिकी नागरिक बन्न सक्छन् तर गोरा बन्न सक्दैनन्। अर्थात् राष्ट्रियता र नागरिकता बदल्न सजिलो छ तर जाति बदल्न सक्दैनन् । त्यसैले राष्ट्रियता भन्दा जातीय पहिचान र सोसँग सम्बन्धित अबयेबहरू महत्वपूर्ण हुन्छन्। हिजोका दिनमा समग्र विकास र पहिचानलाई समेटेर अघि बढेको भए आज यस्ता कुरा कदापी आउने थिएन। हामीले त संघीयता विरोधी मित्रहरूलाई पनि हाम्रा ठानेका छौं । तर संघीयता विरोधीहरूले हामीलाई कहिल्यै आफ्ना देखेनन् सिर्फ न्यार, भोटे, मधिसे जस्ता शब्दले व्यवहार गरे । हामीलाई सिर्फ भोट बैंक ठाने । हिजो पंचायतकालमा आजका नेताहरूलाई पुलिसबाट बचाउन नेवारहरूले पाटनको च्यासलको गल्लीमा, पाँगाको गल्लीमा, कीर्तिपुरको पुरानो बस्तीमा लुकाएर बचाएका थियौं। ताकि उनीहरूबाट हाम्रा हक अधिकारको लागि केही आवाज उठाइदिन्छ कि भनेर । जनआन्दोलन पहिलो र दोस्रोमा काठमाडौंका नेवारहरूले ठूलो बलिदान दिए । तर आजसम्म पनि नेवारहरू राजनैतिक कुचाल खेल्नेको गोटी बनेर पिल्सिएका छौं। देशमा लोकतन्त्र आयो, गणतन्त्र आयो। खोई हामीले के पायौं ? हामीलाई के दियौं ? हामीले हाम्रो भाषाको मान्यता पाएका छैनौं। जनआन्दोलनबाट प्राप्त सिमित भाषिक अधिकार पनि दुई जना ब्राम्हणहरूको रित निवेदनको आधार मा ०५६ साल जेठ १८ गते सर्वोच्च अदालतले खोसि लियो । जुन दिनलाई कालो दिनको रुपमा हामी आदिवासी जनजातीहरूले मनाउँदै आएका छौं । आजसम्म त्यो कालो दिनलाई उज्यालो दिन बनाउन सकेको छैन । गणतन्त्र आयो खोइ हामीले के पायौं ?

संघीयता विरोधी मित्रहरू हामीले हाम्रो जातिय पहिचान सहितको प्रदेश माग्दा हामीलाई साम्प्रदायिक आरोप लगाउनु भयो । सदियौंदेखि हामीलाई थिचोमिचो गर्दा तपाईंहरू साम्प्रदायिक भएन ? अहिले गणतन्त्र नेपालमा हामीले हाम्रो अधिकार माग्दा हामी साम्प्रदायिक भयौं ? अब हामी सधैं गुलाम भएर बस्ने छैनौं। हामीले खोजेका संघीयतामा एकीकृत नेपालमा तपाईंले हामीलाई गरेको व्यवहार जस्तो हामी गर्ने छैनौं। किनकी हामीलाई थाहा छ ‘तपाई त्यो व्यवहार अरूलाई कहिल्यै नगर जुन अरूले गरेको तपाईंलाई मन पर्दैन ।’ किनकी अब हामी हाम्रा लागि गर्दैछौं जसमा हाम्रो आफ्नोपन रहने छ।

संघीयता विरोधी मित्रहरूले संघीयतामा जाँदा जातिय दंगा हुन्छ भनेर डर देखाइरहेका छन। त्यसो होइन मित्र संघीयतामा गयो भने सबै जातजातीमा एकता हुन्छ। आफ्नो जातिय उत्थानको लागि सबैले सक्दो मेहेनत गर्नेछन । संघीयतामा जाने भनेको देश टुक्रयाउने होइन। देशलाई मजबुत बनाउने हुन्छ। बरु अब संघीयतामा गएन भने आफ्नो हक अधिकारको लागि सदियौंदेखि पिल्सिंदै आएका आदिवासी जनजातीहरूले विद्रोह गर्नेछन। हुनेखाने र हुँदा खानेका विच झगडा अवश्य हुन्छ । २५० वर्षदेखि पिल्सिंदै आएका आदिवासीहरू जागिसकेका छन। आफ्नो हक अधिकार प्राप्त गर्न जुरमुरिसकेको कुरा बुझ्नु जरुरी भएको छ । एउटा जातले अर्को जातलाई पहिलेजस्तो थिचोमिचो गर्न थाल्यो भने जहाँ पनि जहिले पनि जातीय दंगा हुनसक्छ । त्यसैले आफू मात्र खाउँ, आफू मात्र लाउँ भन्ने सोच भयो भने समाजमा विखण्डन हुन्छ, झगडा हुन्छ।

जातीय राज्यमा अरूको के भूमिका हुन्छ भनेर कुरा उठाउनु भएको छ। हो, मित्र हाम्रो राज्यमा तपाईंको पनि अधिकार हुन्छ। तपाईंले पनि हामीलाई अधिकार दिनुपर्छ। हाम्रो राज्यमा तपाईंको भाषा भेषलाई पनि मान्यता हुनेछ। हाम्रो भाषा भेषभुषामा तपाईलाई कर गर्दैनौं । तर तपाईंले हाम्रो भाषा भेषभुषालाई पनि इज्जत दिन जान्नु पर्ने हुन्छ। सम्मान भनेको दुईतर्फी हुन्छ।

हाम्रो राज्यमा सदियौंदेखि बसिरहेका बासिन्दा चाहे त्यो जुनसुकै जातका किन नहुन उनीहरूको घर टहरा डोजर लगाएर भत्काउँदैनौं। भत्काउँनै परेमा पनि उचित मुआब्जा दिएर या अर्को स्थानमा पुनःस्थापना गरेर मात्र भत्काउने छौं। न त चोर आएको जस्तो विहानको चार बजे डोजर लिएर घर भत्काउन जाने छैनौं। अहिलेजस्तो सुविधा भोगि भएर अरू जिल्लाबाट आएर सुकुम्वासीको नाममा ऐलानी जग्गा कब्जा गर्न दिंदैनौं। वास्तविक सुकुम्वासीलाई रहनको लागि घर बनाईदिन्छौं।

पहिले पनि त पाँच विकास क्षेत्र बनाईएको थियो । खोई त विकास भएको ? खोई त समानुपातिक रुपले विकास निर्माणको योजना बनाएर बजेट खर्च गरेको ? त्यसैले मित्रहरू यो देशको समग्र विकास चाहनुहुन्छ भने संघीयतामा जानैपर्छ ।

संघियतामा जानु भनेको देश टुक्राउने होइन। अधिकारबाट बञ्चित गरेपछि एकात्मकमा पनि देश टुक्रिन्छ भन्ने उदाहरण इण्डोनेशिया बनेको छ। इष्ट टिमोर एकात्मकता हुँदाहुँदै इष्ट टिमोर चोइटिएर गएका छन । पूर्वी पाकिस्तान चोइटिएर बंगलादेश बनेका छन । बरु संघियतामा गएर स्पेन टुक्रिनबाट बचेको छ। बेल्जियम पनि संघियतामा गएर टुक्रिनबाट बचेको छ ।

आज नेवाः राज्यलाई जातिय राज्य–को रुपमा ब्याख्या गरिरहेका छन्। नेवाः भनेको जात होइन । पहिचान हो । इतिहासले बताउँछ नेपालको नामा–करण नै नेवाः, नेपाः, नेवाल, नेपार बाट भएको हो।

संयुक्त राष्ट्र संघमा नेपाल सदस्य राष्ट्र हुँदा नेपालभाषा र रञ्जनालिपिलाई नेपालको मौलिक भाषा र लिपिको रुपमा प्रस्तुत गरेको थियो। खोई, आज त्यसको पहिचान ? त्यसको सम्बर्द्धन ? त्यसैले पनि लोकतान्त्रिक संघीय गणतन्त्र नेपालमा नेवाः राज्य अपरिहार्य भएको छ।

# हार्दिक समवेदना

जन्मः
ने. सं. १०५० सिल्लाथ्व तृतिया





स्वर्गारोहण
ने. सं. ११३२ चिल्लाथ्व पारु



**स्व. रामप्यारी महर्जन**

**मेरो प्यारी श्रीमती/हाम्रा प्रातःस्मरणीय पुज्यनीय आमा रामप्यारी महर्जनको २०६८ फागुन १० गते बुधवारका दिन ८३ बर्षको उमेरमा स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।**

श्रीमान दशबहादुर महर्जन

| छोराहरू | बुहारीहरू |
|---|---|
| जगत बहादुर महर्जन | संघलक्ष्मी महर्जन |
| गौतम महर्जन | मोहनमाया महर्जन |
| स्वागतम महर्जन | कर्णशोभा महर्जन |

| छोरीहरू | ज्वाँइहरू |
|---|---|
| रामदेवी महर्जन | रामकृष्ण महर्जन |
| हिरादेवी महर्जन | रत्नवहादुर महर्जन |

| नातीहरू | नाती बुहारीहरू |
|---|---|
| शिशिर महर्जन | अनिता महर्जन |
| शसिर महर्जन | सुषमा महर्जन |
| रोमिन महर्जन | बेखालक्ष्मी महर्जन |
| नविन महर्जन | |
| उज्वल महर्जन (केभिन) | |
| प्रज्वल महर्जन | |
| सुजन महर्जन | |

| नातीनीहरू | नातीनीज्वाँइहरू |
|---|---|
| रत्नदेवी महर्जन | रविन्द्र महर्जन |
| सुभद्रा महर्जन | पञ्चराम महर्जन |
| सुमित्रा महर्जन | रमेश महर्जन |
| रमिता महर्जन | गोविन्द सिंह |

**नातीनीहरू**

सुनिता महर्जन
नमिता महर्जन
सुजिता महर्जन
सविना महर्जन

| पनातीहरू | |
|---|---|
| लसता महर्जन | गृष्मा सिंह |
| लुमन्ती महर्जन | रिम्सा सिंह |
| निभाः महर्जन | रोबेन महर्जन |
| पालिजा महर्जन | |

**नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं**

**नेपालभाषा —— नेपाली भाषा**

न्हाये - मुछ्नु
न्हिले -हाँस्नु
पर्के - टाल्नु
पा:फये - किरिया खानु
पाले -काट्नु
पुये - बढार्नु
पुने - लगाउनु
पुले -तिर्नु
प्याये - भिज्नु
प्वले - छोडाउनु
फये - थाप्नु
फ:स्वये - फर्केर हेर्नु
फ्यतुये बस्नु
बिये - बिल्नु
बिये -दिनु
बुले - मुछ्नु
ब्यने - फुस्कनु
ब्वने - डाक्नु
ब्वये - उड्नु
ब्वये - प्रदर्शन गर्नु
ब्वलने - हर्कनु
भुने - बेर्नु
भपुये - घोप्ट्याउनु
माले - खोज्नु
मिये - बेच्नु
मुइके - हान्नु
मुने - भेला हुनु
मुये - विस्फोटन हुनु
म्वाये - बाँच्नु
म्हने - सपना देख्नु
म्हये - माग्नु
म्हिते - खेल्नु
हुये - पुछ्नु
याये - गर्नु
ययेके - मन पराउनु
लाये - पकड्नु
लिधने - अडेस लाग्नु
लिये - उखेल्नु
लुकु बिये- अस्ताउनु
लुधने - सन्तुष्ट हुनु
लुये - पाउनु
ल्वाके - भिडाउनु
ल्हाये - कुरा गर्नु
ल्हवने - उचाल्नु




# छैठौं राष्ट्रिय खेलकुदको इतिहास



**नवीन महर्जन**

छैठौं राष्टिड्डय खेलकुदको प्रारम्भ गत फागुण १४ गते शनिवारदेखि सुदुरपश्चिमको धनगढीस्थित रंगशाला औपचारिक उद्‌घाटन साथ शुरु भएको छ । घरेलु खेलकुदको महामेला आयोजना गर्न सुदुरपश्चिमले तीनदशक पर्खिनु पऱ्यो ।

यस राष्ट्रिय खेलकुद प्रतियोगिताको इतिहास हेर्ने हो भने यो प्रतियोगिताको पहिलो संस्करण २०३८ भदौ २७ गते देखि असोज ४ गतेसम्म काठमाडौंमा सम्पन्न भएको थियो । त्यस प्रतियोगितामा १६ वटा खेलमा कुल २२६ पदकको लागि प्रतिस्पर्धा भएको थियो । यस प्रतियोगितामा १३ अञ्चलका १५०० खेलाडिहरूले सहभागिता जनाएका थिए ।

त्यसैगरी दोस्रो राष्ट्रिय खेलकुद प्रतियोगिता वि.सं.२०४० चैत्र १२ गतेदेखि २० गतेसम्म पोखरामा सञ्चालन गरिएको थिया । यस प्रतियोगितामा कुल २५ खेलमा २५०७ खेलाडिहरूले भाग लिएका थिए ।

राष्ट्रिय खेलकुद प्रतियोगिताको तेस्रो संस्करण वि.सं.२०४२ फागुण २३ गतेदेखि चैत्र १ गतेसम्म वीरगन्जमा सञ्चालन भएको थियो । यस राष्ट्रिय खेलकुद प्रतियोगितामा २६ खेल समावेश गरिएको थियो । यस प्रतियोगितामा १४ अञ्चलका २७७५ खेलाडिहरूले भाग लिएका थिए । प्रतियोगितामा जम्मा १३७ वटा इभेन्ट्‌स समावेश गरिएको थियो भने कुल ४७४ पदकको लागि प्रतिस्पर्धा भएको थियो ।

चौथो राष्ट्रिय खेलकुद प्रतियोगिता वि.सं.२०५५ साल चैत्र ८ गतेदेखि १४ गतेसम्म नेपालगञ्जमा भएको थियो । तेस्रो राष्ट्रिय खेलकुद प्रतियोगिताको एक दशकको अन्तरालमा यो प्रतियोगिता भएको थियो । यस प्रतियोगितामा १२ खेल समावेश गरिएको थियो भने १६३२ खेलाडिले सहभागिता जनाएको थियो ।

त्यसैगरी पाँचौं राष्ट्रिय खेलकुद, वि.सं.२०५८ साल चैत्र २४ गतेदेखि ३० गतेसम्म काठमाडौंमा भएको थियो । यस प्रतियोगितामा ५ विकास क्षेत्र र ४ विभागीय टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा २१ खेललाई आधिकारिक र ११ खेललाई फ्रि-च्याम्पियनसीप गरी प्रतियोगिता गराइएको थियो ।

छैठौं राष्ट्रिय खेलकूद यही फागुण १४ गतेदेखि फागुण २१ गतेसम्म भव्यरुपमा सञ्चालन हुँदैछ ।

# जन-पोलिक्लिनिकमा निशुल्क स्वास्थ्य शिविर

**सजनी श्रेष्ठ/ प्रशिक्षार्थी**

कीर्तिपुर नगरपालिका वडा नं १७ स्थित जन पोलिक्लिनिकले गत फागुण १३ गते शनिवार नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरिएको थियो ।

यस नि:शुल्क स्वास्थ्य शिविरमा हाडजोर्नी, नशा सम्बन्धि र ोगहरूको परिक्षण गरिएको थियो । स्वास्थ्य परिक्षणमा फिजियोथेर ापीका विशेषज्ञ डाक्टरहरू डा. अभिषेक रिमाल, डा. रवि महत, डा. शैलेन्द्र श्रेष्ठ, डा. विजेन्द्र डंगोल, डा. संजिव खड्का, डा. सुनील कुमार जोशीको सहभागी रहेको थियो । जसमा १२८ जना स्थानीय बासिन्दाले आफ्नो स्वास्थ्य परिक्षण गराउनु भयो । कार्यक्रमको संयोजन सुर्जलक्ष्मी महर्जनले गर्नुभएको थियो ।

शिविरमा विकल्प स्वास्थ्य केन्द्रले नि:शुल्क औषधी उपलब्ध गराउनु भै वितरण कार्यमा सहयोग गरेको थियो । यस जनपोलिक्लिनिकले स्थापना कालदेखि कमजोर आर्थिक स्थिति र ेहका व्यक्तिहरूलाई लक्षित गरी नियमित रुपमा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गर्दै आएको छ ।



साथै आउँदो फागुण २७ गते शनिवार विहान १० देखि दिउँसो ३ बजेसम्म जनपोलिक्लिनिक भवनमा वरिष्ठ क्यान्सर रोग विशेषज्ञ डा. श्रीमती तारा मानन्धरको सक्रिय सहभागितामा संचालन हुने नि:शुल्क स्वास्थ्य शिविरमा समेत महिलाहरूले स्तन परिक्षण गर ाउन सकिने जानकारी पनि दिनु भएको छ ।

# हार्दिक समवेदना

**जन्म**
**१९९८ आश्विन २६**





**स्व. चन्द्रविक्रम बुढाथाकी**

**स्वर्गारोहण :**
**२०६८ फागुण ९**



यस विद्यालयका भूतपूर्व प्रधानाध्यापक डा. **चन्द्रविक्रम बुढाथोकी**को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं

साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जनसेवा उच्च मा.वि. परिवार**

इचाखेल पाँगा, कीनपा -१२

## अनियमित करेन्ट प्रवाहले कीर्तिपुर प्राधिकरणका कर्मचारीको निधन

गत विहिवार फागुन ११ गते दिउँसो करिव १ बजे लोडसेडिङको बेलामा ट्याउलाफाँटमा ट्रान्समिटर जडान गर्दा अकस्मात विद्युत प्रवाह हुँदा नेपाल विद्युत प्राधिकरणका कीर्तिपुर का कर्मचारी राजकुमार श्रेष्ठको निधन भएको छ। करेन्ट लागी बेहोस भएपछि तत्काल सहिद मेमोरियल अस्पताल कलंकीमा उपचार गर्दागर्दै निधन भएको प्रहरीले जनाएको छ। निधन हुने कर्मचारी श्रेष्ठको निवास ललितपुरमा भएको र सो घटनाका बार ेमा कीर्तिपुर प्राधिकारणका कर्मचारीहरू बोल्न चाहेनन्।

## लागू औषधको बारेमा चेतनामुलक कार्यक्रम

गृहमन्त्रालय, लागू औषध नियन्त्रण कार्यक्रम, विजुलीबजार, काठमाण्डौं र महिला स्वावलम्बन तथा सशक्तिकरण केन्द्र, कीर्तिपुरको संयुक्त आयोजनामा कीर्तिपुर क्षेत्रमा लागू औषध दुर्व्यसन विरुद्ध चेतना अभिवृद्धि गर्ने उद्देश्यले एकदिने लागू औषध नियन्त्रणको लागि चेतनामूलक कार्यक्रमको आयोजना गरियो। आयोजक संस्था महिला स्वावलम्बन तथा सशक्तिकरण केन्द्रकी अध्यक्ष एवं कार्यक्रमका सभापति सरिता गौतमले स्वागत मन्तव्य दिदै स्वास्थ र सुन्दर समाजको श्रृजना गर्नका लागि लागू औषध दुर्व्यसनलाई सबैले त्यागी यस विरुद्ध कदम चलाउनु पर्नेमा जोड दिनु भएको थियो। विभिन्न संघ संस्थाका प्रतिनिधि, बुद्धिजीवी एवं सहभागी गरी जम्मा ३६ जनाको उपस्थिति रहेको कार्यक्रममा जनचेतना जगाउने उद्देश्यले कीर्तिपुर क्षेत्रमा निःशुल्क पोष्टर, पम्पलेट समेत वितरण गरीएको थियो।

## उज्ज्वलमा पुरस्कार वितरण र सांस्कृतिक कार्यक्रम

**नीशा लामा (प्रशिक्षार्थी पत्रकार)**

कीर्तिपुर पाँगा शहिदपथस्थित उज्ज्वल शिशु निकेतन एकेडेमीमा गत फागुन १३ गते शनिवार पुरस्कार वितरण र साँस्कृतिक कार्यक्रम सम्पन्न भयो। प्रा.डा. शिवशरण महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि डा.चन्द्रमणि पौडेलले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरिएको थियो। विद्यालयका प्रिन्सिपल दिलमान महर्जनले उपस्थित सबैलाई स्वागत गर्नुका साथै स्वागत मन्तव्य राखेर कार्यक्रमलाई अगाडि बढाउनु भयो।

अभिभावक, शिक्षक शिक्षिका र अरु पाहुनाहरू उपस्थित रहेको उक्त कार्यक्रममा विद्यार्थीहरूले आफ्नो नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए। त्यसपछि गत ५ गतेदेखि १० गतेसम्म खेलाइएका खेलहरूमा विजयी हुने विद्यार्थीहरूलाई र शैक्षिक सत्र २०६७ सालमा प्रथम, द्वितीय र तृतिय हुने विद्यार्थीलाई पनि पुरस्कार वितरण गरियो। प्रमुख अतिथि डा.चन्द्रमणी पौडेलले आफ्नो मन्तव्यको क्रममा पुरस्कार प्राप्त गर्न सफल विद्यार्थीहरूलाई धन्यवाद दिदै भविष्यमा पनि सफल होस् भनि सफलताको कामना गर्नुभयो। एउटा शिक्षित विद्यार्थीमा ज्ञान, सीप र विवेक पनि हुनुपर्दछ भनेर शिक्षा प्रदान गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो। अन्त्यमा विद्यार्थीहरूले वाद्यवादन प्रस्तुत गरे र उनीहरूलाई मायाको चिनो प्रदान गरेर कार्यक्रम समापन गरियो।

## कीर्तिपुरका निलेस नकःमि 'शान्तिदुत'



कीर्तिपुर स्वयंसेवक समाजका अध्यक्ष निलेश नकःमिलाई युवा परिचालन र युवा नेतृत्व विकासमा उहाँको संलग्नतालाई कदर गर्दै Universal Peace Federation र Youth Federation For World Peace ले उहाँलाई Youth Federation For Peace (शान्ति दुत) ले ११ फेब्रुअरीमा सम्मानीत गरेको थियो। कीर्तिपुर स्वयंसेवक समाजबाट गरेको विभिन्न युवा कार्यक्रमलाई ध्यानमा राखी उहाँलाई कीर्तिपुर क्षेत्रमै पहिलो युवा शन्ति दूत बनाएको हो।

## थुनुवाको डायरी–३३



### २०६७/०७/२५ विहिवार छंतीस दिन (पुनरावेदनमा पहिलो पेशी)

सधैंझैं आज पनि १०.३० बजे खाना खाएँ। आज १७ नं. पुनरावेदन अदालतमा पेशी हुने दिन सायद कोही पनि भेट्न आउँदैन होला भनेर घाम तापि–रहें। अचानक माईकबाट मेरो नाम बोलायो। को आएको होला भनेर गएको त यज्ञराम दाइ आउनु भएको रहेछ। धुसिटोलका दाजुभाइहरूमा यज्ञराम दाइ पनि आउनुभयो। उहाँसँग कुराकानी भयो। यहाँसम्म आएर मलाई भेट्नु भनेको त उहाँले पनि मलाई निर्दोष ठान्नु नै हो। धुसिटोलमा के हल्ला छ भनेर सोधें।

'के हल्ला हुने नि। तिम्रा शत्रुहरूले ठिक भयो भन्छन्। अरु सबैले चित्त दुखाएका छन्। आफ्नै बच्चाहरूलाई जस्तो माया गरिराखेको मानिसलाई पनि यस्तो आरोप लगाउन सकेका कस्ता नकच्चर ी अधर्मी केटीहरू भनेर गाली गरेका छन।' यज्ञराम दाइले भन्नुभयो, 'अबदेखि त्यस्ता खातेहरूको संगत नगर्नु।'

'खोइ रामदाइ उनीहरूले आफूखुसी गरेको होइन कसैको बहकावमा आएर गरेको जस्तो लाग्छ।'

'मुद्दा के भैरहेको छ?'

'आज १७ नं.पुनरावेदनमा पेशी छ। तारिखमा छुट्न पनि सक्छु होला।'

'छुटे राम्रो, घरमा आएर भेटुंला। ल अहिले म जान्छु है?' यति भनेर यज्ञराम दाइ जान लाग्नुभयो। म उठ्नै पाएको थिएन। नीम्ता र सरिता आइपुगे। उनीहरूसँग कुराकानी भयो।

'डा.डंगोल आज कत्तार जाँदैछ। अरु बच्चाहरूको फीस तिर्नु पर्‍यो के गर्नेभन्दा नजर राम बाहिर ननिस्केसम्म एक पैसा खर्च गर्दिन। मेरो साथी त जेलमा परेको छ। अरु जेसुकै होस् मलाई मतलब छैन भन्नु भयो।' नीम्ताले भनिन्।

'अब मंसिर २६ गते जिल्ला अदालतमा साक्षी बकपत्र हुन्छ। सरिता र अनिशालाई अदालतमा ल्याउने जिम्मा तिम्रो भयो।' मैले नीम्तालाई भनें।

'कस्तो लाज शर्म नभएका केटीहरू आफ्नो बाबुजस्तो मान्छे लाई पनि त्यस्तो आरोप लगाउने? उनीहरूले गरेर अरूको भविष्य पनि चौपट हुनेभयो।' सरिताले भनिन्।

उनीहरूसँग कुरा गरिरहेकै बेला नेपालगन्जको पशुपतिदाइ आउनुभयो। नीम्ता र सरिता गए।

'म यहाँ छु भनेर कसरी थाहा पाउनु भयो?' मैले सोधें।

'कान्तिपुर पत्रिका पढेर थाहा पाएर यहाँ आएको बेला भेटेन आएको नि। आफ्नो पार्टीको प्रधानमन्त्री, आफ्नै पार्टीको गृहमन्त्री हुँदा पनि तपाई जेलमा बस्नु परेको? पार्टीले केही मद्दत गरेन?' पशुपति दाइले फटाफट भन्नुभयो।

'खोइ यस्तो महिला सम्बन्धी मामिलामा पार्टीले हस्तक्षेप गर्‍यो भने महिलावादीहरू पार्टीको विरोधमा उत्रन्छन् रे।' 'हुँदै नभएको घटनामा यस्तो बुढो मान्छेलाई गलत आरोप लगाउँदा पनि पार्टी चूप लागेर बस्यो भने त्यो पार्टीको सदस्य हुनुको के औचित्य रहयो? भ्वाइस अफ चिल्ड्रेन भनेको डलर खेती गर्ने संस्था हो। तिमीलाई थुनाएपछि मुद्दा लड्न र बच्चाहरूलाई पाल्न भनेर डलर आउँछ।'

'तपाईलाई कसले भनेको?'

'मेरो एकजना साथी यस्तै संस्थामा काम गरेर लखपति भैसक्यो। तिमी पो फोकटिमा काम गर्छौ। आजको जमानामा पनि केही नपाउने समाजसेवा कसले गर्छ? धन्दा नमान, सफाई त पाउँछौं नै तर अलि समय लाग्न सक्छ।'

पशुपति दाइसँग कुरा गरेर भित्र आएँ। एकछिन घाम तापुं भनेर बसिरहेको थिएँ। माईक बाट फेरि मेरो नाम बोलायो। को आएको होला भनेर गएको त कीर्तिपुरको टिकाराम दाइ आउनु भएको रहेछ। उहाँसँग हात मिलाएर भेटें।

'तिमीलाई फसाइएको हो भनेर धेरैजनालाई विश्वास छ। अब कसरी निकाल्न सकिन्छ?' टिकाराम दाइले चिन्तित हुँदै भन्नुभयो।

'सबैले भन्छन् आफ्नै पार्टीको प्रधानमन्त्री र गृहमन्त्री हुनुहुन्छ। उनीहरूले चाहे त निकाल्न सकिहाल्छ नि। नगर कमिटिका साथीहरू केन्द्रिय कार्यालयमा गएर एकचोटि भन्न जानुपर्‍यो।' 'मैले सुरेन्द्रलाई भनेको हो खोइ गयो गएन थाहा भएन। यस्तो आपत परेको बेला पार्टीले वास्ता गरेन भने त्यो पार्टीमा लाग्नुको के औचित्य? अझ कीर्तिपुरमा यतिसम्मको हल्ला छ कि संस्थाले पार्टीसँग सल्लाह गरेरै मुद्दा हालेको भन्यो रे।' टिका राम दाइले दुखेसो पोख्नु भयो, 'यदि यो कुरा साँचो हो भने त खतरनाक कुरा भयो। पार्टीमा फुट ल्याउन पनि भनेको हुनसक्छ।'

'मैले पनि त्यस्तै सुनेको छु। तर विश्वास लागेको छैन। पार्टीका मान्छे यतिसम्म तल गिर्न सक्ला र? तपाईंहरू बाहिर हुनुहुन्छ। तपाईंहरूले नै पत्ता लगाउनु पर्‍यो सत्य के हो?'

'हुन्छ। हामी प्रयास गरुंला। भरतदाइ पनि आउँछु भनेको थियो। आज धान काट्न जानु परेकोले आउन सक्नु भएन।' टिकाराम दाइले भन्नुभयो, 'धन्दा नमान। परि स्थितिले यहाँसम्म ल्याइ पुर्‍या–इयो। यो पनि अनुभवकै रूपमा लिनु।'

'हो टिकाराम दाइ, यो पनि अनुभव बटुल्ने थलो नै हो। यहाँ आएर को आफ्नो को पराई भनेर थाहा पाएँ। कीर्तिपुरका एमाले साथीहरूमा मलाई भेट्न आउने पहिलो व्यक्तिनै तपाई हुनुभयो। तपाईंहरूसँग भेटघाट गर्दा मेरो मन एकछिनको लागि भएपनि हलुका हुन्छ। आज तपाई आउनुभयो। म खुशी भएँ। आज १७ नं.पुनरावेदनमा मेरो पेशी छ। हेरुँ के हुन्छ।' टिका–राम दाइसँग विदा भएर आएँ। पपसँग कफी खाएँ। कोठामा एकछिन बसें। माईकको प्रत्येक आवाजसँग मेरो कान ठाडो हुन्छ। कुनै खबर आयो कि भनेर। तर कुनै खबर आएन। समय बित्दै गैरहेको छ। मेरो मुटुको धडकन बढ्न थाल्यो। मन छटपटिरहेको छ। पानी विनाको माछाझैं। मलाई कोठामा बसिरहन मन लागेन। म बाहिर यताउता घुमिरहें। यदुनाथजी भेट भयो।

'केही खबर आयो कि?' उहाँले सोध्नुभयो।

'केही खबर आएको छैन।' 'खबर आएपनि तपाई आज घर जान पाउनु हुन्न। पुनरावेदनबाट तारिखमा छाड्नु भन्ने आदेश जिल्ला अदालतलाई दिन्छ। तारेख दिन जिल्ला अदालत उपस्थित गराउनु भनेर कारागार मा पत्र पठाउँछ। तपाईंलाई अदालतमा हाजिर गराएपछि तारेख दिएर छाड्ने आदेश दिन्छ। अनि बल्ल तपाई यहाँबाट जान पाउनु हुनेछ।'

उहाँको कुरा सुनेर अदालतबाट जे फैसला भएपनि आज जान नपाउने पक्का भएपछि मन अलि हलुका भयो। तैपनि मन मानेन। ४ बज्यो। अब कुनै खबर आउँदैन त्यसैले फोन गर्नु पर्‍यो भनेर गार्ड सहनाइके शिव बुढाथोकी लाई भनें। निरजको फोन नम्बर दिएर फोन गर्न लगाएँ। पुष्पराज भन्ने केटाले फोन गर्‍यो। उसले मलाई बोलाएर भन्यो, 'केटीले फोन उठाएछ। आज पेशी बहस भएन। अर्को शुक्रबार मात्र हुनेभयो।' यो कुरा सुनेर सूर्य अस्ताएपछि मुर्झाएको सूर्यमुखी फूलझैं भएँ म। तै मैले आज निस्कन नपाउने मनमा ठानी सकेको थिएँ। त्यसैले मलाई कुनै ठूलो आघात भएन।

कारागारमा मेरा मन मिल्ने साथीहरू मेरा शुभचिन्तकहरू जो भेटेपनि केही खबर आयो कि भनेर सोध्छन। 'अँ पेशी सर्‍यो रे। अब अर्को शुक्रवार हुने भयो।' मैले जवाफ दिँदै गएँ। 'पेशी कसले सारेको? विपक्षीले सार्नलाई त ११ बजेसम्ममा निवेदन दर्ता गराउनु पर्छ।' एक जना साथीले भन्यो। 'बहस गर्दा गर्दै भ्याएन कि? नत्र त छोरा आएर भन्न आइहाल्थ्यो।'

'ठिक छ। भोलि छोरा आइहाल्छ। अनि वास्तविक कुरो थाहा भइहाल्छ नि।' मैले भनें। आज मेरो पेशी भन्ने थाहा पाएका प्राय सबै साथीहरूले यस्तै सोधेर मलाई हैरान पारे। मलाई बाहिर बस्न मन लागेन। म कोठामा आएँ। के गरुं के गरुं भयो। सबैलाई विश्वास छ म निर्दोष छु भनेर। तैपनि कारागारमा बसिरहनु पर्दा सबैले मन दुखाएको छ। म प्रति सहानुभूति देखाइरहेको छ। आज मलाई ओमशान्तिमा जान पनि मन लागेन। त्यसैले खाना खाएर कोठामै बसिरहें। नम्बर लाग्नु अगाडि म सुतें।

*क्रमश .....*

# अवकास प्राप्त कर्मचारी : हामी नै विकल्पको आधार हौं

**आकर्षण प्रधान**

नेपाल सरकारका निकायहरू, सरकारको स्वामित्वमा रहेका संघसंस्था, अन्तर्राष्ट्रिय गैर संघसंस्था, वित्तिय बैंक, व्यापारिक निकाय, कम्पनी, कारखाना, सामुदायिक, गुठी तथा नीजि विद्यालय तथा साहुमहाजन जस्ता निकायहरूमा कार्य गरी अवकास प्राप्त कर्मचारीहरू यस कीर्तिपुर नगरमा धेरै रहेका छन ।

अवकास प्राप्त कर्मचारीहरूको हितका सम्बन्धमा नेपालमा न त सरकार द्वारा कुनै ऐन, नियम, विनियमको व्यवस्था गरी कार्यान्वयन गरिएको छ नत अन्य निकायहरूकाले नै यस सम्बन्धमा विचार पुऱ्याइएको छ। जसको कारणले अवकास प्राप्त कर्मचारीको जीवन शैली कष्टकर बन्दै गइरहेको हामी पाउँछौं। यसमा पनि एकल पुरुष र महिलाहरू बढी पिडामा परेका छन । यस सम्बन्धमा सम्बन्धित अवकास प्राप्त कर्मचारीहरूले नै थप विचार पुऱ्याउन आवश्यक छ।

यसैलाई मध्य नजर राखी कीर्तिपुर नगरमा क्रियाशिल व्यवसायिक संस्था साई ओम जब सपोर्ट प्रशिक्षण केन्द्रले कीर्तिपुर नगरका अवकास प्राप्त कर्मचारीहरूको हितका सम्बन्धमा सामाजिक कार्य गर्ने उद्देश्यले २०६८ माघ २८ गते अवकास प्राप्त कर्मचारीहरू र विभिन्न संघसंस्था संग आवद्ध महानुभावहरूको उपस्थितिमा बृहत भेला कीर्तिपुर हिलसाइड होटलमा आयोजना सम्पन्न गरियो। यस भेलामा प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक आकर्षण प्रधान द्वारा सहजिकरण गरेको थियो । अवकास प्राप्त कर्मचारीहरूको आफ्नो जीवनलाई सहज बनाउन निम्न पक्षहरू जान्न र गर्न आवश्यक देखिन्छ:

अवकास योजना तर्जुमा जीवन निर्वाहको तयारी :

कर्मचारीहरूले अवकास प्राप्त गर्नु पूर्व र पश्चात निम्न पक्षहरूमा ध्यान दिन जरुरी देखिन्छ :

**क) आर्थिक :** नेपाल सरकार र सर कारसंग आवद्ध संघसंस्थाहरूले कार्यरत कर्मचारीहरूको निश्चित अवधि पुरा भएपछि दिइने सुविधामा उपदानको रुपमा निश्चित रकम एक मात्र आर्थिक स्रोत हुन। यसपछि प्राप्त हुने अन्य रकम भनेको आफैले जम्मा गरेको बैंक बचत, सञ्चयकोष, नागरिक लगानी कोष र बिमा रकम हुन । यसको अलावा अन्य कुनै आर्थिक स्रोत अवकास प्राप्त कर्मचारीहरूमा हुँदैन ।

यसको अलावा थप समस्यामा रहेको अवकास प्राप्त कर्मचारी वर्ग भनेका अन्तर राष्ट्रिय गैर सरकारी संघसंस्था, राष्ट्रिय गैर सरकारी संघसंस्था, नीजि विद्यालय, संस्थागत विद्यालय, साहुमहाजनमा कार्य गर्ने हुन । यिनीहरूले प्राय जसो माथि उल्लेख गरेका सुविधाहरूबाट प्राय: बन्चित हुने गरेका छन । तसर्थ यी दुवै वर्ग नोकरी समाप्त पश्चात आर्थिक पक्षमा कमजोर हुन पुग्छन । जसको कारणले गर्दा उसको मानसिक सोच्ने शक्तिमा ह्रास हुन पुग्छ । तसर्थ अवकास पूर्वदेखिनै अवकास पछि आफ्नो पुरानो हैसियतलाई कायम गर्न विचार पुऱ्याउन जरुरी छ।

**ख) भावनात्मक :** यो एक प्रकार ले आफैमा उब्जिने व्यवहार हो। नोकरीको क्रममा प्राप्त भएका सबै पक्षहरू अवकास प्राप्त हुँदैन भन्ने शाश्वत पक्षलाई सबै कर्मचारीहरूले बुझ्न जरुरी छ । तसर्थ नोकरीका समयमा प्राप्त भइरहने सम्पर्क र सम्बन्धलाई कायम गर्न अवकास पूर्वदेखिनै यसको प्रयोग गरी सकारात्मक तुल्याउन सके अवकास प्राप्त कर्मचारीहरू जीवन थप सुखमय हुन पुग्दछ।

तसर्थ सबै कर्मचारीहरूले अवकास पूर्व नै समाजमा आफ्नो ज्ञान, सीप र व्यवहारलार्य सकारात्मक रुपमा नयाँ पुस्ताहरूलाई हस्तान्तरण गर्ने बानिको विकास भएमा अवकास पश्चात भावनात्मक रुपमा नयाँ पुस्तासँग सामिप्य रही तनावबाट मुक्ति प्राप्त गर्न सकिन्छ ।

यसको लागि स्थानीय गैर सरकारी संघसंस्था वा स्थानीय समुदायमा आधारित संघसंस्थाहरूमा आवद्ध हुने र त्यस्तै प्रकारका क्रियाकलाप संचालन गर्ने सामाजिक संस्थाको स्थापना गरी समाजसँग निकटम सम्बन्ध कायम गरी रहनु जरुरी देखिन्छ।

**ग) शारीरिक :** अवकास प्राप्त पछि आउन सक्ने एक समस्याको रुपमा शारीरिक कमजोरी पक्ष पनि एक हो । तसर्थ अवकास प्राप्त कर्मचारीहरू शारीरिक तन्दुरुस्त हुने हरेक क्रियाकलापमा प्रत्यक्ष र सक्रियताका साथ संलग्न हुन जरुरी देखिन्छ। यसका लागि विभिन्न उपायहरू अवलम्बन गर्न सकिन्छ ।

जस्तै : एका विहान नियमित योगा गर्ने, नियमित विहान र बेलुका हलुका रुपमा हिँडाइ, नियमित रुपमा स्वास्थ्य जाँच गर्ने, खानामा सतर्कता अपनाउने, मादक पदार्थ सेवनमा कमी ल्याउने, दिनभर एकै ठाउँमा क्रुकिएर नबस्ने, पारिवारिक सदभावना कायम गरी तनाव कम गर्ने इत्यादि ।

**घ) आध्यात्मिक :** आफ्नो आस्था अनुसारको शान्तिका लागि भजन गर्ने, मठमन्दिर घुम्ने, मठमन्दिर सफा गर्ने, धर्ममा आधारित प्रवचनहरू सुन्ने, आफूभन्दा कमजोर व्यक्तिहरूलाई सक्दो सेवा पुऱ्याउने, मेडिटेशन गर्ने, सकेसम्म अरुका भलाईका कार्य गर्ने आदि । यस अध्यात्मिक चिन्तनले मानिसमा एक प्रकारको उर्जा प्रदान गरिने छ र जसबाट व्यक्तिको जीवनमा एक प्रकारको स्वतस्फुर्ट उर्जा प्राप्त गरी आफ्नो जीवन शैलीलाई सकारात्मक पक्षमा हिडाउन मद्दत पुग्छ । जसबाट मनमा शान्ति कायम भई स्वस्थ रहन मद्दत पुग्छ । यसले तनावलाई कम गर्नमा सहयोग गर्छ । क्रमशः

# कीर्तिपुरमा चोरी घटना बढ्दैछ

**रञ्जु के.सी./** (प्रशिक्षार्थी)

कीर्तिपुर नगरपालिका १८ भाजंगलमा चोरीको घटना बढ्दै गैर हेको छ ।

गत हप्ता शुक्रबारको दिन भाजङगलस्थित भैरव के.सी.को घरमा दिउँसो नै केही भाँडाकुँडा र तीनवटा गाग्री चोरी भएको छ ।

घरका मानिस हरू कोठामा नै बसिरहेको बेलामा बाहिरी पट्टि भान्साबाट उक्त सामान चोरी भएको चोरीको पिडित परिवार बताउँछन् । र त्यही दिनको भोलिपल्ट फेरि उक्त गाउँमा आठवटा चुकुल चोरी भएको छ । एउटै गाउँमा दुई तीनवटा घर बिराएर घरको ढोकाको चुकुल चोरी भएको छ । चोरले आठवटा घरको ढोकाको चुकुल चोरेको स्थानियवासीले बताएका छन । चोरी रातको समयमा भएकोले कसैलै पनि केही थाहा नपाएको भन्ने कुरा पिडित पक्ष गोविन्द महर्जनले बताउनु भयो । अहिले चोरीको घटना बढेपछि भाजङगल वासी सतर्क रहन थालेका छन् ।


# भावपूर्ण श्रद्धाञ्जली



जन्म:
ने. सं. १०५० सिल्लाथ्व तृतिया

स्वर्गारोहण
ने. सं. ११३२ चिल्लाथ्व पारु

स्व. रामप्यारी महर्जन

यस सहकारी संस्थाका संस्थापक सदस्य एवं ऋण समिति संयोजक गौतम महर्जनका ममतामयी आमा **रामप्यारी महर्जन**को यहि २०६८ फागुण १० गते ८३ वर्षको उमेरमा स्वर्गारोहण भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

कीर्तिपुर १६ नगाऊ, फोन ४३३६२८६

# हार्दिक समवेदना

**जन्म**
**१९९८ आश्विन २६**



**स्वर्गारोहण :**
**२०६८ फागुन ९**

**स्व. चन्द्रविक्रम बुढाथोकी**

यस कलेजका संस्थापक सदस्य **डा. चन्द्रविक्रम बुढाथोकी**को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं
साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सहिद स्मारक कलेज**

नयाँ बजार, कीनपा -३

# हार्दिक समवेदना

**जन्म**
**२०२७ पुष १५**



**स्वर्गारोहण :**
**२०६८ फागुन ७**

**स्व. उषा बुढाथोकी**

यस जालपादेवी प्रा. वि. का भूतपूर्व प्र.अ **उषा बुढाथोकी (के.सी)**को २०६८ साल फागुन ७ गते का दिन आल्पायुमै असामयिक दुःखद् निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवार जनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री जालपादेवी प्राथमिक विद्यालय परिवार**

कीनपा १५, चारघरे

# हार्दिक समवेदना

**जन्मः**
**वि.सं. १९९०**
**माघ ९**



**स्वर्गारोहण**
**२०६८ फागुण ५**
**गते शुक्रवार**

**स्व. जितलाल महर्जन**

**यस विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदार महर्जनका पुज्यनीय पिता जितलाल महर्जनको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी ईश्वरसंग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।**

**गोरखनाथ माध्यमिक विद्यालय**

ध्वाखासी, कीर्तिपुर १७

# हार्दिक समवेदना

**जन्मः**
**ने. सं. १०५०**
**सिल्लाथ्व तृतिया**



**स्वर्गारोहण**
**ने. सं. ११३२**
**चिल्लाथ्व पारु**

**स्व. रामप्यारी महर्जन**

यस विद्यालयका शिक्षक श्री गौतम महर्जनको ममतामयी आमा **रामप्यारी महर्जनको** ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी ईश्वरसँग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर माध्यमिक विद्यालय परिवार**

बाहिगां, कीर्तिपुर– १७

## हैन त ? –भरत





**B.S.S बज्राचार्य साउण्ड तथा स्टेज सर्भिस**

**बज्राचार्य कार्ड र छपाई**



हाम्रा सेवाहरू **B.S.S**

**म्याकि स्पिकरहरुः** म्याकि मिक्सर, जेनेरेटर र लाइट सिस्टमको पनि व्यवस्था छ ।

**स्टेजहरुः** १२x१६, १६x२४, २०x२४, २०x३०

**साईजहरु** ३ फिट, ४ फिट, ६ फिट

**बिवाह, ब्रतबन्ध तथा अन्य शुभ कार्यहरुका लागि कार्डहरु छपाईका साथै नेपाली खाम तथा फाईलहरु**

**बिवाह, ब्रतबन्ध तथा अन्य शुभ कार्यहरुका लागि नेवाः फ्युजन बाजा चाहिएमा सम्पर्क गर्नुहोला ।**

**तेजमान बज्राचार्य**

**निलः सांस्कृतिक पुचःका ब्याण्ड मेनेजर**

**फोनः ९८५१०६०३१८, ९८५११०२३०५**

**कालिमाटी टंकेश्वर**






# जनप्रदर्शन र एमाले भेला

नेकपा एमालेले यही फागुन २१ गते काठमाडौंमा विशाल जनप्रदर्शनको तयारी गरिरहेको छ । बुटवलमा सम्पन्न आठौं महाधिवेशनपछि पहिलोपल्ट उक्त दिन नेकपा एमालेको राष्ट्रिय प्रतिनिधि परिषद सदस्यहरूको भेला हुन लागेको हो । २४० निर्वाचन क्षेत्रबाट सर्वसम्मत, बहुमतबाट निर्वाचित भई राष्ट्रिय प्रतिनिधि परिषद सदस्य बनेकाहरूको जात्रा, महोत्सव, बैठक, छलफल आदिको नाउँमा पनि लिन सकिन्छ । यो राष्ट्रिय प्रतिनिधि परिषदको तीनदिने बन्दसत्र बैठक प्रज्ञा भवन काठमाडौंमा हुने जनाएको छ । फागुण २१ गतेको जनप्रदर्शनको लागि नेताहरू पनि देशभर दौडधुप गरी भेला, बैठक, प्रशिक्षण गरि रहेको कुरा समाचार आइरहेकै छ । यस बैठकमा केन्द्रिय तहका नेताहरू, अञ्चलस्तरिय र जिल्ला अध्यक्षहरूको पनि उपस्थित हुने हुनाले तामझामका साथ जनप्रदर्शनको तयारी गरि रहेको छ । हेरौं एमालेको जनप्रदर्शन र राष्ट्रिय परिषदको बन्दसत्र बैठकले नेपालको राजनीतिमा के सन्देश ल्याउने छ ।

अहिले नेकपा एमालेले काठमाडौंमा फागुन २१ गतेको लागि प्रचारप्रसार तिब्र बनाएको छ । पर्चा वितरण गर्ने, पोष्टर टाँस्ने, सूर्य र हँसिया हथौडाको झण्डाहरू राख्ने, तुल बाइनर राख्ने, परिषद बैठकमा आउने देशविदेशका प्रतिनिधि तथा अतिथिहरूलाई स्वागत गर्न स्वागतद्वार बनाउने देखि लिएर काठमाडौं सन्देश स्मारिका निकाल्नेसम्म जिम्मा पाएका नेताहरूलाई अहिले भ्याइनभ्याइ रहेको छ । सायद महाधिवेशन अगाडि गरेको भेला बैठकपछि यो नै अर्को ठूलो जनप्रदर्शन हुनेछ । नेकपा एमाले संविधान सभामा तेस्रो दल भएको घाउलाई पुर्नको लागि पनि यो प्रदर्शनमा विशाल जनप्रदर्शन गर्ने सोच बनाएको हुनसक्छ । हुन त यो राष्ट्रिय प्रतिनिधि परिषद प्रत्येक वर्षको एक पटक गर्नु पर्ने हो । पार्टी एकताको नाउँमा भनुँ या आफ्नो अनुकूलता नभएसम्म परिषद बैठक तोक्दै, सार्दै फागुन २१ पुर्‍याएको हो । यसबीचमा एमालेले एकताको सन्देश दिने नाउँमा एउटै सभामा बसेर धेरै पटक एकताका रटान गरिसकेको छ । हेरौं यो प्रतिनिधि परिषदमा एकताको सन्देश दिन सक्नुहुन्छ कि हुन्न ? नयाँ युवापिढीले बुढा नेतृत्वलाई विस्थापित गर्न सक्छन् कि सक्दैनन् । नेकपा एमालेको युवा नेतृत्वको पहिचान र सामर्थ्यलाई पनि नाप्ने यो परिषदको रुपमा लिनु पर्दछ । परिआउँदा बुढा नेतृत्वलाई मान शानका साथ आफ्नो नेतृत्व स्थापना गर्ने गराउने अवसर पनि हो । अगाडि झुक्ने, पछाडि कुरा काट्ने आम नेपालको प्रचलन जस्तै युवा नेतृत्वले उनीहरूको अगाडि साहस गर्न सकेन भने उही बुढा नेतृत्वको राजनीतिक प्रतिवेदन लिने, मन लागे पढ्ने, मन नलागे तकियामा शिरानी राखी सुत्ने मात्र हुन्छ कि ?

अहिलेको शान्ति प्रक्रियामा देखा परेका समस्या, नयाँ संविधान जारी नहुने अवस्था, सरकारको नाउँमा लुटको अवस्था, महंगी, अभाव, अपहरण, लोडसेडिंग, फोहोरमैला धुलो धुवाँमा नै सधैं खेल्ने हो भने यो जनप्रदर्शनको औचित्य के ? लाखौं लाख जनता सडकमा उतारेर कुनै ठोस काम गर्न नसक्ने, करोडौं करोड खर्च गरेर काठमाडौंलाई अझ राजनीतिक वातावरणीय, सामाजिक, साँस्कृतिक, आर्थिक रुपमा सकारात्मक परिवर्तन दिन सक्दैन भने विशाल जनप्रदर्शनको औचित्य खालि जनप्रदर्शन मात्र हो भन्ने सोच्नु पर्दछ । उपत्यकाको प्रत्येक सदस्य उपस्थित हुनुपर्ने, प्रत्येक सदस्यले रु.एकसयका दरले अनिवार्य राख्नु पर्ने, प्रत्येक कमिटिबाट सयौं मान्छे लानुपर्ने हजारौं मान्छेलाई पर्चा बाँड्नु पर्ने, लाखौं लाख पोष्टर टाँस्नु पर्ने, घरघरमा, चोकचोकमा झण्डा गाड्नु पर्ने, एउटा सूर्यलाई हजारौं हजार बनाई फहराउनु पर्ने गाडी मालिकले गाडी दिनु पर्ने, गाडी नहुनेले गाडीमा चढि दिनु पर्ने, टन्टलापुर घाममा जिन्दावाद र मुर्दावादको नारा घन्काउनु पर्ने, प्रत्येक कमिटिले आफु आएको बानर देखाउनु पर्ने उर्दी जारि गरेको छ । देश अशान्ति भएकोमा दवाव दिन जनप्रदर्शन चाहिने, टेबुलमा तीन दल, चारदल बस्दा, तन्दुरी र रोष्ट खाँदा कुरा गर्न नसक्ने, संविधान बनाउने संविधान सभामा सभासद बन्दा गुटको मान्छेमात्र चाहिने संविधान बनाउन कुनै ठोस पहल नगर्ने, संविधान जारी गर भन्दै जनताले जुलुस नारा लाउनु पर्ने, दुई वर्षको अवधिमा पुरा हुनु पर्ने संविधान चार वर्ष पुर्‍याउने, जनताको कर र राजस्वबाट नेपाली जनताको नाउँमा आउने विदेशी सहयोग खानलाई जनता सँग भोट नचाहिने, जनतालाई ग्यास, डिजेल मट्टितेलमा गरिएको भाउ घटाउन कुनै पहल नेतृत्व लिनु नपर्ने अनि जनताको सभासद भन्दै जनतालाई नै ठगी हिड्ने कतिको न्यायोचित हुनेछ हेर्न बाकी छ ।

त्यसैले अरु दलले नगरे पनि जनताको जनजीविकाको सवालमा शान्ति र संविधानको सवालमा नेकपा एमालेले त जनदवाव सिर्जना गर्दा के जनता रिसाउँछन् ? जनताको वीच जन सवालका कुरा उठाउँदा के एमालेको साख घट्छ ? लाखौं लाख जनताको साथ र माया पाउने हो भने एमालेले सधैं जनप्रदर्शन गर्न सक्छन् होइन भने जनप्रदर्शनको औचित्य समाप्त नहोला भन्ने सकिंदैन ।

**ब्यंग सन्देश**

शरद कुमार महर्जन


## बुकिङ्ग खुल्यो

बाघ भैरव बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित कीर्तिपुर भेगमा नै सुविधा सम्पन्न दुई वटा हल सहित १५०० जना क्षमताको पार्टी प्यालेस- 'बाघ भैरब बैंक्विट' संचालित भएको सहर्ष जानकारी गर्दछौं । हामीकहाँ विवाह, ब्रतबन्ध, जंकु (भिमरथारोहण) आदिको पार्टी तथा भोज गर्न, विभिन्न संघ संस्थाहरूको - सभा, सम्मेलन, प्रदर्शनी तथा सेमिनार, गोष्ठी गर्न बुकिङ्ग खुल्ला गरिएको छ ।

**विशेषताहरू :–** खुल्ला रमणीय स्थल, यथेष्ट पार्किङ्गको व्यवस्था, सुविधा सम्पन्न दुईवटा हल, DJ हलको छुट्टै व्यवस्था भएको, जेनेरेटरको सुविधा,

**बाघ भैरव बैंक्विट (पार्टी प्यालेस)**

**नगाउँ, बालकुमारी मन्दिर सँगै फोन नं. ४३३०२३६, ९८५१०६२३७४, ९८४१३०२२०३, ९८५१०७२०७२, ९८४१३४३५३७**

## सुहाना क्याटरिङ सर्भिस

**ट्याङ्ला, कीर्तिपुर**

**नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।**

**Buffet Dinners Luncheons, B.B.Q.S etc**

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 4334477

## फ्लायट तथा कोठा भाडामा

**कीर्तिपुर नयाँबजारको अन्डरग्राउण्ड पर्किङ्ग सुविधा भएको घर कार्यालय (अफिस)को लागि अति उपयुक्त फ्लायट तथा कोठा भाडामा**

**सम्पर्कः ९८०३६३०८७१, ९७४१००२५१७**